सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६३ ♦ २०८३ साल जेष्ठ २४ आइतवार ♦ 7 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# तिर्खाउँदै मधेश !

## चुरेक्षेत्रको अतिक्रमण र उत्खननले पहिल्यै कमजोर बनिसकेको भूमिगत जल पुनर्भरण प्रणालीमाथि पक्की संरचनाको विस्तारले थप दबाब उत्पन्न गरेको छ ।

इश्वरचन्द्र झा



मधेश प्रदेशका आठ जिल्लामा जेठ सुरु हुनासाथ खानेपानीको सङ्कट सुरु हुन्छ । केही वर्षअघिसम्म उत्तरी धनुषाको ढल्केबरवरिपरिको क्षेत्रमा मात्र रहेको यो समस्या पछिल्ला केही वर्षदेखि प्रदेशका मुख्य सहर हरूमा देखिन थालेको छ । प्रदेशको राजधानी जनकपुरधाम तथा जलेश्वर, वीरगन्ज र राजविराजमा त गत वर्ष ट्याङ्कर बाट पानी आपूर्ति गर्नुपर्ने अवस्था आयो ।

मधेश प्रदेशका अधिकांश घरधुरी खानेपानीका लागि चापाकलमा आश्रित छन् । खानेपानीको मुख्य स्रोत चापाकल तथा बोरिङमा पानी आउन छाडेपछि अवस्था भयावह बन्दै छ । हातेपम्पहरू सुक्दा महिला, बालबालिका र वृद्धवृद्धा पानीको ट्याङ्कर वा असुरक्षित वैकल्पिक स्रोतमा भर पर्न बाध्य हुँदै छन् । स्वास्थ्य र शैक्षिक संस्थाहरूमा खानेपानीको आपूर्ति प्रभावित भएका छन् । यसले सर्वसाधारणको दैनिकी मात्र होइन, कृषि उत्पादनमा समेत गम्भीर असर पार्न थालेको छ ।

मधेश प्रदेशमा देखिएको यसप्रकारको समस्या (खडेरी) मौसमी घटना मात्र नभई पुनर्भरण र अत्यधिक दोहनबिचको प्रणालीगत असन्तुलनको उपज हो (युएनओपिएस, २०२६) । सन् १९८२ मा मधेश प्रदेशका आठ जिल्लामा भूमिगत जलको अवस्था समग्रमा धनात्मक थियो । हाल अवस्था बदलिएको छ । भूमिगत जलमा उल्लेख्य कमी आएको छ । करिब ४५ वर्षअघि दुई हजार ४३ मिलियन घनमिटर पानी निष्कासन गरिँदा तीन हजार ३६६ मिलियन घनमिटर पानी पुनर्भरण हुन्थ्यो (इसिमोड, १९८३) । अर्थात् एक हजार ३२३ मिलियन घनमिटर बचत हुन्थ्यो तर गत वर्ष खडेरीको बेला गरिएको अध्ययनमा भूमिगत जल भण्डारणमा तीन हजार ६७५ मिलियन घनमिटरको कमी आयो । यसले मधेशको भूमिगत जलस्रोत पुनर्भरण हुन नसक्ने अवस्थामा पुगेको सङ्केत गर्छ । मधेशमा जति पानी पुनर्भरण हुनुपर्ने हो, त्यसभन्दा धेरै गुणा बढी दोहन भइरहेको छ ।

तराई/मधेशमा भूमिगत जलमाथिको निर्भरता अत्यन्तै उच्च छ। प्रदेशका करिब ७१.८० प्रतिशत घरधुरी अझै हातेपम्प तथा ट्युबेलमा निर्भर छन् । सन् २०२५ को खडेरीको समयमा भूमिगत जलसतह औसत दुई/तीन मिटरसम्म घटेको पाइयो । हातेपम्पको 'सक्सन' सीमा सात/आठ मिटरभन्दा तल झर्दा ६० प्रतिशतभन्दा बढी चापाकल निष्क्रिय भए । धनुषाको हंसपुरमा मात्रै करिब ९० प्रतिशत चापाकल प्रभावित भए । यही प्रवृत्ति जारी रहे आगामी दशकमा प्रदेशका मुख्य सहरी क्षेत्रमा पानी आपूर्ति नियमित राख्नसमेत कठिन हुने छ ।

धनुषाको मिथिला नगरपालिका-६, श्रीपुरमा खानेपानी आयोजना निर्माण हुँदै छ तर सवा लाख लिटर क्षमताको खानेपानी योजना कहिले सम्पन्न हुने कुनै निश्चित छैन । सङ्घीय सरकारको अनुदानमा सञ्चालित आयोजनाले करिब छ सय घरधुरीलाई जल आपूर्ति गर्ने लक्ष्य छ । ओभरहेड टयाङ्की निर्माण गरिएको छ । डिप बोरिङ जडान गरियो तर केही समयमै पानी आउन बन्द भयो । अर्को डिप बोरिङ जडान गरेर पाइप बिछ्याएपछि मात्रै सो आयोजना सञ्चालन हुने छ । श्रमदानको नीतिगत व्यवस्थाले समेत यी आयोजना प्रभावित भएका छन् ।

श्रीपुरमा खानेपानीको मुख्य स्रोत इनार हो । एउटै इनारमा करिब तीन दर्जन पाइप जडान गरिएका छन् । ४० घरधुरीले सोही इनारबाट खानेपानीको जोहो गर्छन् । वैशाख अन्तिम सातासम्म निरन्तर वर्षा हुँदा राहत महसुस गरेका स्थानीय जेठ सुरु हुनासाथ इनार सुक्खा हुने त्रासमा छन् ।

### योजना धेरै, कार्यान्वयन सुस्त

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा तराई/मधेशमा सुक्खायाममा हुने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न समुदायस्तरमा डिप बोरिङसहितको खानेपानी प्रणाली विकास गर्ने घोषणा गरेको छ । यसका लागि सरकारले दुई अर्ब ५० करोड रुपियाँ बजेट विनियोजन गरेको छ ।

जलस्रोत सङ्कट तीव्र बन्दै जाँदा पनि बजेट विनियोजन, आयोजना सम्पन्नता र दीर्घकालीन नीति कार्यान्वयनको अवस्था हेर्दा सङ्घ र प्रदेश सरकार दुवै समस्या समाधानप्रति गम्भीर देखिँदैनन् । गत वर्ष खडेरीको समयमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली अवलोकनका लागि आफैँ मधेश प्रदेश पुग्नुभयो । तीन महिनाका लागि प्रदेशलाई 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेर पाँच सय डिप बोरिङ जडान गर्ने योजना सुनाउनुभयो तर घोषणा र निर्णय कार्यान्वयन नहुने समस्याले यस पटक पनि निरन्तरता पायो ।


मधेश प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले यस योजनाको अन्त्यसम्म पाइपद्वारा खानेपानी पुगेको जनसङ्ख्या ३३ प्रतिशत र पानी परीक्षण प्रयोगशाला आठ वटा निर्माण गर्ने लक्ष्य राख्यो तर दोस्रो आवधिक योजनाको मध्यकालको समीक्षा हुने समयसम्म सो लक्ष्य प्राप्त भएको छैन । शतप्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानीको सुविधा पुऱ्याउने लक्ष्य राखे पनि अझै करिब दुई लाख जनसङ्ख्या आधारभूत खानेपानी सुविधाबाट वञ्चित छन् । दोस्रो आवधिक योजना २०८०/८१-२०८५/८६ ले योजना अवधिमा आधारभूत खानेपानी सुविधा ९९.५ प्रतिशत जनसङ्ख्यामा पुऱ्याउने तथा खानेपानी प्रणालीमा ७५ प्रतिशत जनसङ्ख्या आबद्ध हुने लक्ष्य राखेको छ ।

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# तिर्खाउँदै मधेश !............

आर्थिक सर्वेक्षण, २०७९/८० अनुसार प्रदेशमा २५१ वटा खानेपानी आयोजना रहेकामा ११३ वटा सुचारु र ५८ वटा सामान्य मर्मत गरेपछि सञ्चालनमा आउन सक्ने रहेका छन् । सङ्घीय सरकारले २०७७/७८ मा मधेश प्रदेशलाई ससर्त अनुदान अन्तगर्तका ३३२ वटा आयोजना हस्तान्तरण गऱ्यो । हस्तान्तरण भएको छ वर्ष बित्दा एउटै आयोजनाले पूर्णता पाएको छैन । सङ्घीय सरकारबाट हस्तान्तरितमध्ये कतिपय विसं २०५३ मै सुरु भएका थिए तर अझै सम्पन्न हुन सकेका छैनन् । सङ्घीय सरकारले आगामी आवमा त्यस्ता २८० वटा अधुरा आयोजना पूरा गर्ने जनाएको छ ।

हस्तान्तरण भएका आयोजनामध्ये चालु आवमा २६ वटाका लागि मात्रै बजेट विनियोजन गरियो । मधेश प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तगर्तको खानेपानी महाशाखाका अनुसार आव २०८२/८३ का लागि १६ करोड बजेट आएकोमा केही नयाँ आयोजना पनि थपिए । यसले पुराना आयोजना सम्पन्न गर्न सकिएन ।

सङ्घसँगै प्रदेश सरकारले आफ्नै योजनासमेत सञ्चालनमा राखेको छ । प्रदेशको प्रत्यक्ष नियन्त्रणमा करिब ८० वटा आयोजना सञ्चालनमा छन् । एउटा खानेपानी आयोजनाका लागि प्रदेश सरकारले बर्सेनि २० देखि २५ लाख रुपियाँ विनियोजन गरेको छ । यसले एउटा आयोजनाले पूर्णता पाउन कम्तीमा २५ वर्ष लाग्ने देखिन्छ । एउटा आयोजना पूरा हुन करिब पाँचदेखि छ करोड रुपियाँ खर्च हुन्छ । सीमित बजेटमा नयाँ आयोजना थपिँदा पुराना आयोजना सम्पन्न गर्ने काम झन् पछि धकेलिएका छन् । कागजमा आयोजना थपिँदै गए पनि कार्यान्वयनको सुस्त गतिले मधेशका बस्तीलाई हरेक गर्मीयाममा ट्याङ्कर र अस्थायी स्रोतको भरमा बाँच्न बाध्य बनाएको छ । धनुषाको मिथिला नगरपालिका-६, श्रीपुरको अधुरो आयोजना यसै सुस्त प्रणालीको प्रतिनिधि उदाहरण बनेको छ; जुन करिब डेढ दशकअघि सुरु भएको हो ।

## जलसङ्कटका कारण

- चुरेभाबर क्षेत्रको क्षय र अतिक्रमण
- परिवर्तित वर्षा चक्र
- घट्दो जलसतह
- अनियन्त्रित भूमिगत जल दोहन
- संस्थागत कमजोरी

वन विनाश, ढुङ्गा-गिट्टी उत्खनन र जमिनमा कङ्क्रिट सतह विस्तारका कारण वर्षाको पानी जमिनभित्र सोसिने प्राकृतिक प्रक्रिया कमजोर बनेको छ । यसले मधेशको भूमिगत जल पुनर्भरण क्षमतामा प्रत्यक्ष असर पुऱ्याएको छ । चुरेभाबर क्षेत्र प्राकृतिक रूपमा वर्षाको पानी सोस्ने र विस्तारै भूमिगत जलभण्डारमा पठाउने पुनर्भरण क्षेत्र हो । मधेशको जलप्रणाली उत्तरको चुरेभाबर क्षेत्रमा पूर्णतः निर्भर छ । पुनर्भरण क्षेत्रमा हुने ह्रासले केवल मधेश प्रदेश मात्र नभई प्रवाहको तल्लो तटीय क्षेत्रसम्म पानीको अभाव निम्तिन्छ ।

पश्चिममा पाकिस्तानको इन्डस नदीदेखि पूर्वमा भारतको ब्रह्मपुत्र नदीसम्म चुरे शृङ्खला फैलिएको छ । नेपालको ३७ वटा जिल्लामा कुल भूभागको १२.७८ प्रतिशत चुरे क्षेत्रमा पर्छ । जलसङ्कटको चर्चा गर्दा चुरे क्षेत्रमा हुने गतिविधिको निगरानी र नियन्त्रण आवश्यक हुन जान्छ ।

विश्वव्यापी रूपमा वन पैदावारको स्थितिलाई नियाल्ने 'ग्लोबल फरेस्ट वाच' मा नेपालमा वन पैदावारको स्थितिबारे अनलाइन अध्ययन तथा अनुसन्धान गर्दा मध्य तथा पूर्वी मधेशका आठ जिल्लामा पछिल्ला केही दशकमा वन फँडानी र अतिक्रमण तीव्र रूपमा भएको छ । सन् २००४ देखि २०१४ को अवधिमा अधिकतम फँडानी भई यहाँ बसोबास भएको देखिन्छ । मधेश प्रदेशको वन निर्देशनालयको तथ्याङ्कमा समेत रौतहट, सिराहा र धनुषामा अतिक्रमित वनको क्षेत्रफल बढी देखिन्छ ।

पूर्वपश्चिम राजमार्गनजिक चिसापानी बजारबाट करिब आठ किलोमिटर उत्तरपश्चिममा मध्यचुरे पहाडमाथिको समथर भूभागमा सेलारखोलाका दुवैतिर करिब दुई सय घरपरिवारको बस्ती छ । राष्ट्रपति तराई/मधेश चुरे संरक्षण विकास समितिको अध्ययन अनुसार मधेश प्रदेशका आठ जिल्लास्थित चुरेको भिरमा मात्रै करिब १३ हजार ७७४ घरधुरी छन् । चुरे पहाडको शिरमै समथर भूभाग खनजोत गरिएका छन् । प्रत्येक घरधुरीले करिब पाँचदेखि १० कट्ठा जग्गामा खेतबारी र घरघडेरी बनाएका छन् । आँगनमै रहेको सखुवाको बोट फँडानी गरेर धानबाली लगाइएका छन् । गाईवस्तुको चरिचरनले कमलो चुरेको गिट्टी र माटो भास्सिएका छन् । विज्ञहरूका अनुसार यस्ता अव्यवस्थित बस्ती विस्तार र उत्खनन गतिविधिले चुरे क्षेत्रको प्राकृतिक जलचक्रमा स्थायी अवरोध ल्याउने गर्छ । यसको प्रत्यक्ष असर तराई-मधेशको भूमिगत जल पुनर्भरणमा पर्छ ।

एक दशकअघिसम्म धनुषाको गोदार र वरिपरिको क्षेत्रमा आधा दर्जन क्रसर उद्योग सञ्चालनमा थियो । धनुषाको कमला, जलाधि, औरहीलगायतका नदीवरिपरि क्रसर उद्योग सञ्चालन भए । स्थानीय तह जनप्रतिनिधिविहीन थिए । उत्खननको नियमन कमजोर हुँदा अनियन्त्रित दोहन गरिए । यसले चुरेभाबरको छिद्रयुक्त संरचना क्षतिग्रस्त बनायो । फलस्वरूप वर्षाको पानी जमिनभित्र सोसिनुको सट्टा सतहमै बग्न थाल्यो । यसले मनसुनमा आकस्मिक बाढीको जोखिम बढ्दै गयो भने सुक्खायाममा भूमिगत जलस्तर तीव्र रूपमा घट्दै गयो ।

नेपालको संविधान, २०७२ ले प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको एकल अधिकार सूची अन्तर्गत राखेको छ । सोही अनुरूप वन ऐन, २०७६ को दफा १५ मा वन मन्त्रालयले प्रदेशको परामर्शमा राजपत्रमा सूचना प्रकाशित गरी वनको कुनै पनि भाग तथा सम्बन्धित भूपरिधि क्षेत्रलाई सीमाङ्कन गरी विशेष कार्ययोजना बनाएर वन संरक्षण क्षेत्रको रूपमा घोषणा गर्ने व्यवस्था छ ।

जेठ दोस्रो साता डिभिजन वन कार्यालय, महोत्तरीका वन अधिकृत श्वेता झासहितको टोली अतिक्रमणमुक्त गर्न बर्दीबास-३, कालापानी क्षेत्र पुग्यो तर अतिक्रमणमुक्त गराउन पुगेका वन अधिकृतसहितका अधिकारीलाई तीन घण्टा बन्धक बनाइयो । टोलीले प्रयोग गरेको गाडीमा आगजनी गरियो । वनक्षेत्र प्रदेशमातहत आए पनि गएको सात वर्षमा अतिक्रमणमुक्त गराउने प्रयासले गति लिएको छैन । अतिक्रमणमुक्त गराउन स्थानीय प्रशासनको पहलकदमी आवश्यक छ । वन प्रदेशमातहत आयो तर प्रशासन सङ्घीय सरकारको निर्देशन र समन्वयमा सञ्चालन हुँदा अतिक्रमणमुक्त बनाउने कार्यले सार्थकता पाएको छैन ।

## परिवर्तित वर्षाचक्र

जल तथा मौसम विभागबाट प्राप्त विवरण अनुसार साउनदेखि कात्तिकसम्म जनकपुरधाम विमानस्थलको विगत ५० वर्षको अधिकतम तापक्रम विस्तारै बढ्दो क्रममा छ । विसं २०२९ यता हिउँदमा पानी पर्ने क्रम विस्तारै कम भएको छ । धान खेती लगाउने यस समयको तापक्रमको विश्लेषण गर्दा पछिल्ला पाँच दशकमा साउन महिनामा ०.०२१, भदौमा ०.०९६, असोजमा ०.१८१ र कात्तिकमा ०.३२४ भिन्नता अनुपात देखिन्छ । उक्त विश्लेषणले चिसो मौसमको आगमनको पूर्वसन्ध्यामा तापक्रम विस्तारै वृद्धि हुँदै गएकोसमेत देखिन्छ । मुख्यतया असार-भदौ बर्सातको महिनाका रूपमा बुझिन्छ तर पछिल्ला तीन वर्षमा असोजमा अत्यधिक वर्षा भएको छ ।

## घट्दो जलसतह

पहिला माटो, ग्राभेल र कच्ची सडकले वर्षाको पानी पुनर्भरण गर्न सहयोग गर्थे तर पछिल्ला वर्षमा पक्की सडक (कालोपत्रे तथा कङ्क्रिट) को विस्तार तीव्र भएको छ । ग्रामीण क्षेत्रका अधिकांश सतह डिपिसी संरचनामा रूपान्तरण हुँदै गएका छन् । कतिपय स्थानमा नदी नियन्त्रणका नाममा समेत प्राकृतिक बहाव प्रणाली परिवर्तन गरिएको छ । धनुषाको महेन्द्रनगरबाट मुजेलिया भएर बग्ने विग्घीको सहायक नदीका दुवैतर्फ पर्खाल र सतहमा कङ्क्रिट संरचना बनाइएको छ । यसले सतही पानी जमिनमा प्रवेश गर्ने प्राकृतिक प्रक्रिया कमजोर बनाएको छ ।

प्रदेशमा सडक घनत्व पनि निरन्तर बढ्दै गएको देखिन्छ । आव २०७५/७६ मा प्रतिसय वर्ग किलोमिटर ५८.९५ किलोमिटर रहेको सडक घनत्व आव २०७९/८० मा बढेर ६८.८९ किलोमिटर पुगेको छ । प्रदेशको कुल तीन हजार १७० किलोमिटर सडकमध्ये एक हजार २९८ पक्की संरचना रहेका छन् । चुरे क्षेत्रको अतिक्रमण र उत्खननले पहिल्यै कमजोर बनिसकेको भूमिगत जल पुनर्भरण प्रणालीमाथि पक्की संरचनाको विस्तारले थप दबाब उत्पन्न गरेको छ । सिँचाइ र उद्योगका लागि गरिने भूमिगत जलको प्रयोग अनियन्त्रित छ । एकातिर पुनर्भरणको क्षमतामा ह्रास हुनु अर्कातिर भूमिगत जलको अनियन्त्रित दोहन जारी हुँदा स्थायी रूपमै प्रणालीगत असन्तुलन कायम छ ।

## दीर्घकालीन योजना आवश्यक

तराई मधेशमा तत्काल देखिएको जलसङ्कट अझै भयावह हुनबाट जोगाउन कुनै एक क्षेत्र विशेषमा केन्द्रित रहेर गरिने कार्यले सघाउँदैन । यसका लागि तल्लो तटीय क्षेत्रसँगै चुरेभाबर क्षेत्रमा समानान्तर कार्यक्रम सञ्चालन हुन आवश्यक छ । राष्ट्रिय सभाको



विकास, आर्थिक मामिला तथा सुशासन समितिले त संयुक्त राष्ट्रसङ्घीय निकाय (युएनओपिएस) को प्राविधिक सहयोगमा अध्ययन नै गरेको छ । सो अध्ययनले मधेश प्रदेशको जल सुरक्षा र भूमिगत जल व्यवस्थापनका लागि निम्न कार्यदिशा सुझाएको छ ।

**एकीकृत जलस्रोत व्यवस्थापन** : जलप्रणालीको नक्साङ्कन गर्ने, दोहन सीमा तोक्ने, पुनर्भरण क्षेत्र पहिचान गर्ने, ढलको पानीसमेत प्रशोधन गरी पुनः प्रयोगमा ल्याउने,

**भावर क्षेत्रको कानुनी संरक्षण** : भावर र चुरेको फेदलाई 'संरक्षित क्षेत्र' घोषणा गरी त्यहाँ हुने वन विनाश र जथाभाबी ढुङ्गा-गिट्टी उत्खननलाई पूर्णतः प्रतिबन्ध लगाउने,

**पुनर्भरण पूर्वाधार निर्माण** : वर्षाको पानी सङ्कलन र कृत्रिम पुनर्भरण आयोजनाहरू कार्यान्वयन गर्ने । आकासे पानी सङ्कलन प्रणाली आयोजना सञ्चालन गरी खडेरी जोखिम रहेका स्थानमा उपयोग गर्ने,

**दोहनको नियमन र इजाजतपत्र** : जल अनुमगन र अनुसन्धान कार्यक्रम बढाउने, नयाँ बोरिङ खन्न अनिवार्य अनुमति लिनुपर्ने, बोरिङहरूबिचको न्यूनतम दुरी तोक्ने र ठुला औद्योगिक वा कृषि उपभोक्ताका लागि पानी निकाल्ने सीमा तोक्ने,

**गहिरो जलप्रणालीमा रूपान्तरण** : खडेरीमा सजिलै सुक्ने कम गहिराइको चापाकलमाथिको निर्भरता घटाउन ठुला ओभरहेड ट्याङ्की र गहिरो बोरिङमा आधारित पाइपयुक्त खानेपानी प्रणालीमा लगानी बढाउने,

**पानी बचत पद्धति** : कृषिक्षेत्रमा सिँचाइको तालिका बनाउने, पानी बचत गर्ने प्रविधिलाई प्रोत्साहन गर्ने र धेरै पम्प भएका क्षेत्रमा पानी निकाल्ने पालो प्रणाली लागु गर्ने,

**चेतना र शिक्षा** : भूमिगत जल ह्रास हुनुका कारण र यसको महत्वबारे विद्यालय र समुदायस्तरमा सचेतना फैलाउने ।

चुरे क्षेत्रको अनियन्त्रित दोहन रोक्न र संरक्षणका उपाय अपनाउन तत्कालीन राष्ट्रपति डा. रामवरण यादवको विशेष अग्रसरतामा 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' सुरु भयो । नेपाल सरकारले चुरे क्षेत्रलाई संस्थागत संरक्षणका लागि नीतिगत व्यवस्था गऱ्यो । विसं २०७१, असार २ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१' जारी गरियो । विसं २०७३ मा चुरे संरक्षण गुरुयोजना ल्याइयो । सरकारको राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा चुरे संरक्षण प्राथमिकतामा परेको छ । वन, जलाधार र पानीको संरक्षण गरी जलवायु अनुकूलन दिगो विकास गरिने भनिएको छ । यसअघि संरक्षण समितिमार्फत हुँदै आएको काम अब प्राधिकरणमार्फत अझै प्रभावकारी ढङ्गले हुने सरकारको शासकीय सुधारका सय बुँदे प्राथमिकतामा पनि उल्लेख छ । मध्यपहाडी र चुरे क्षेत्रमा सम्भव स्थानमा पानी सङ्कलन पोखरी निर्माण गरी वर्षा र खोलाको पानी व्यवस्थापन गरी बाढी र खडेरीको शृङ्खला तोड्न वैज्ञानिक प्रणाली अपनाउने सरकारको नीतिगत तयारी छ । सरकारको नीतिबमोजिम मधेश प्रदेशमा भूमिगत जलस्तर सुधार र मरुभूमीकरणको जोखिम न्यूनीकरण गर्न परम्परागत पोखरी, इनार र चापाकललाई वैज्ञानिक दृष्टिले पुनः सञ्चालन तथा वर्षा र नदीजन्य पानी सङ्कलन, संरक्षण र दिगो प्रयोग प्रवर्धन गर्न सके मात्रै तत्काल देखिएको समस्याले भविष्यको भयावह सङ्कट टार्न सक्ला ।

संरक्षण कार्यक्रमका लागि गत १० वर्षमा करिब १५ अर्ब रुपियाँ बजेट विनियोजन गरियो । करिब १२ अर्ब रुपियाँ खर्च भयो । यी वर्षमा चुरे संरक्षणको प्रयासस्वरूप जल पुनर्भरणका निम्ति पूर्वाधार विकासका काम भएका छन् तर चुरे भावर क्षेत्रको जलचक्रलाई पुरानै अवस्थामा फर्काउन थोरै र चयनात्मक मात्राको संरक्षणको प्रयास मात्र पर्याप्त छैन । -गोरखापत्र

# भारतको 'रेड कार्पेट' र रविको राजनीतिक अप्टिक्स

भारतीय जनता पार्टी (भाजपा) का अध्यक्षको निमन्त्रणामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने जेठ १८ देखि २२ गतेसम्म भारत भ्रमणमा थिए। विभिन्न देशका राजनीतिज्ञहरूलाई भाजपाले 'नो बीजेपी' कार्यक्रमअन्तर्गत भारत भ्रमणमा आमन्त्रण गर्दै आएको छ। यसअघि पनि नेपाली कांग्रेस, एमालेलगायत दलका नेताहरू भाजपाको निमन्त्रणामा दिल्ली भ्रमणमा गएका थिए ।

नेपालमा गत फागुन २१ गतेको निर्वाचन परिणाम सार्वजनिक भएलगत्तै विश्वका विभिन्न देशबाट रास्वपा तथा प्रधानमन्त्रीका रूपमा प्रस्तावित बालेन्द्र शाहलाई बधाईको ओइरो लागेको थियो । भारतले भने रवि लामिछानेसँगै रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह दुवैलाई शुभकामना सन्देश पठाएको थियो । स्वयं भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले टेलिफोनमार्फत 'वन-टु-वन' बधाइ तथा शुभकामना दिएका थिए ।

रवि भाजपाको आमन्त्रणमा भारत जाँदै छन् भन्ने समाचार सार्वजनिक हुनुअघि भारतीय विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमणको चर्चा उत्कर्षमा पुगेको थियो। तर उनको भ्रमण अन्तिम समयमा आएर अचानक स्थगित भएको थियो । नेपालका ४७औँ प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणको चर्चा तत्कालका लागि समाचार मै सीमित हुन पुग्यो । एकवर्ष सुशासनमा ध्यान दिने, 'कम बोल्ने र बढी काम गर्ने' छवि निर्माणमा केन्द्रित रहेकाले प्रधानमन्त्री शाह कम्तीमा एकवर्ष देशबाहिर भ्रमण नगर्ने सोचमा रहेको कुरा रास्वपाभित्र बालेन्द्रनिकट मानिने नेताहरूले सार्वजनिक रूपमा बताउँदै आएका छन् ।

यस्तो अवस्थामा रवि लामिछानेको भारत भ्रमणलाई लिएर विभिन्न कोणबाट टिप्पणी र विश्लेषण हुनु स्वाभाविक हो । भाजपाको विशेष आमन्त्रणमा 'रेड कार्पेट' स्वागत पाएका लामिछानेले हिन्दुस्तान टाइम्समा प्रकाशित लेखमार्फत भारतसँग रास्वपाको अपेक्षाबारे खुलेर धारणा व्यक्त गरेका थिए। उक्त लेखले पनि उल्लेखनीय चर्चा पाएको देखिन्छ ।

के रवि लामिछानेको भारत भ्रमणका क्रममा देखिएका 'पोलिटिकल अप्टिक्स' (दृश्य-राजनीति) ले नेपाल-भारत सम्बन्धमा कुनै परिमाणगत परिवर्तन (प्याराडाइम सिफ्ट) ल्याउन सक्ने सम्भावना राख्छ ? यो आलेख यिनै प्रश्नहरूमा केन्द्रित रहेको छ ।

## अप्टिक्सले पनि अर्थ राख्दछ

तीन वर्षअघि रवि लामिछानेले बेलुकाको समयमा आयोजित एक पत्रकार सम्मेलनमार्फत आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूमाथि आक्रोशपूर्ण टिप्पणी गरेका थिए । त्यही क्रममा उनले नेपाल-भारत सम्बन्धको अपरिहार्यता र दुई देशबीच सुमधुर सम्बन्ध कायम राख्न भारतले नेपालसँग 'सिधी बात' गर्नुपर्ने अपिल पनि गरेका थिए। सिधी बात अर्थात् राजनीतिक तहमा खुला संवादमार्फत नेपाल-भारत सम्बन्धका विभिन्न आयामलाई सुदृढ बनाउँदै लैजानुपर्छ भन्ने उनको ध्येय थियो ।

फागुन २१ को निर्वाचनपछि ४८ प्रतिशत मत र १८२ संघीय सांसद भएको दलका सभापति बनेका छन् लामिछाने । भाजपा मुख्यालयमा पुष्पवृष्टिसहित गरिएको स्वागत कार्यक्रमले भारतीय सत्तारुढ दलले नेपाली सत्तारुढ दलका सभापतिलाई दिन खोजेको न्यानोपनाको सन्देश दिएको देखिन्छ। यस्तो स्वागतले स्वयं लामिछानेलाई पनि मन्त्रमुग्ध बनाएको हुनुपर्छ ।

पुराना दलहरूमध्ये नेपाली कांग्रेस, एमालेजस्ता पार्टीहरूको उदय नै भारतीय भूमिबाट भएको इतिहास छ । माओवादीका हाई कमाण्डरहरू कहिले भारतमा पक्राउ पर्थे त कहिले भारतमै 'पनाह' पाउने गर्थे । अहिलेसम्म नेपाली कांग्रेस, एमाले र माओवादीजस्ता दलहरूको राजनीतिक अभ्यास शैलीसँग अभ्यस्त सरोकारवालाहरूका लागि पनि यसले नयाँपन थप्ने नै भयो ।

सन् २०१४ भन्दा पहिले गैर-भाजपा सरकार र नेताहरूसँग नेपाली राजनीतिज्ञहरूको सम्बन्ध व्यक्तिगत स्तरमै स्थापित थियो। चार वर्षअघि मात्र उदाएको रास्वपा नेपाली राजनीतिमा नयाँ शक्तिका रूपमा देखा पर्दा यसबारे देशभित्र र बाहिर राजनीतिक विमर्शमा स्थान पाएको थियो । तर भदौ २३ र २४ गतेको जेनेजी विद्रोहपश्चात् भएको निर्वाचनबाट जसरी रास्वपाले राष्ट्रिय राजनीतिमा 'परि माण विस्थापन' गरेको छ, त्यसले राजनीतिक अभ्यासमा पनि नयाँपन थपेको छ ।

रविले आफ्नो लेखमा रास्वपाको उदय सडक हिंसा वा सैन्य विद्रोहबाट नभई शान्तिपूर्ण मतदान क्रान्ति (ब्यालेट-बक्स रिभोल्युसन) बाट भएको र नयाँ पुस्ता पुरानो राजनीतिक बोझ तथा पूर्वाग्रहबाट सर्वथा मुक्त रहेको स्पष्ट पारेका छन् । नेपालको हरेक राजनीतिक परिवर्तनमा भारतीय भूमिका रहँदै आएको तथ्यसँग रविको राजनीतिक उदय केही हदसम्म बेमेल देखिन्छ ।




रास्वपाबाट प्रधानमन्त्री बालेन्द्र शाह रहे पनि बहुदलीय संसदीय व्यवस्थामा दलको प्रभाव र वर्चस्व जहिले पनि रहने नै हुन्छ। रविलाई भारतले दिएको सत्कार र सौहार्दताले उनी 'पोटेन्सियल प्रधानमन्त्री' पनि हुन् भन्ने अप्टिक्स निर्माण गरेको देखिन्छ ।

रास्वपा सभापति रवि लामिछानेले जेठ २० गते अपराह्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुअघि भारतीय विदेशमन्त्री डा. एस. जयशंकर र केन्द्रीय गृहमन्त्री अमित शाहसँग भेट गरि सकेका थिए। पार्टी सभापतिको हैसियतमा रविले भारतका प्रधानमन्त्रीसँग एक घण्टा संवाद गर्ने अवसर पाउनु संयोग मात्र होइन, भारतले रास्वपामार्फत नेपालसँग विस्तार गर्न खोजेको 'खुला राजनीतिक इन्गेजमेन्ट' को संकेत पनि हो ।

मोदीले रविसँगको भेटवार्तापछि भएको संवादको सार सार्वजनिक गर्दै दुई देशको साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने लामिछानेको चाहनालाई स्वागत र समर्थन गरेका थिए । उनले एक्समा लेखेका थिए, 'हाम्रो 'नेबरहुड फर्स्ट' नीति अन्तर्गत नेपाल प्राथमिकतामा रहेको साझेदार हो र हामी दुई देशबीचको विशिष्ट एवं बहुआयामिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौँ ।'

मोदीको उक्त पोस्टको भाव हिन्दुस्तान टाइम्समा प्रकाशित रविको प्रस्तावनात्मक लेखलाई सम्बोधन गरेको स्पष्ट बुझ्न सकिन्छ । सभापति रविले पनि मोदीको एक्स पोस्ट सेयर गर्दै त्यसप्रति सहमति जनाएका थिए । रविको लेख होस् वा भारतीय संस्थापन शक्तिहरूसँग भएका भेटघाट, उनले 'विकास कूटनीति' मा जोड दिन खोजेको देखिन्छ ।

सन् २०१४ देखि निरन्तर भारतीय सत्ता सम्हाल्दै आएको भाजपाको आधारभूमि राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) रहेको छ । भाजपाको सांस्कृतिक राष्ट्रवादको जरा नै आरएसएसको वैचारिक प्रस्तावनामा रहेको मानिन्छ। भाजपाले सत्ता सम्हालेदेखि भारतीय सनातन सभ्यता र सांस्कृतिक अभ्यासको प्रचार-प्रसार गर्दै त्यसलाई धार्मिक पर्यटनसँग जोड्ने नीति अवलम्बन गर्दै आएको छ ।

धर्मलाई अफिम र पूजापाठलाई पाखण्ड भन्दै जनयुद्धबाट उदाएका पुष्पकमल दाहालले वैचारिक विरोधाभासका बाबजुद भारत भ्रमणका क्रममा परम्परागत शैलीमा उज्जैनस्थित महाकालेश्वर मन्दिरमा विशेष पूजा गरी भारतीय सांस्कृतिक राष्ट्रवादप्रति आत्मीयता प्रकट गरेको सन्देश दिएका थिए ।

अयोध्यामा निर्मित राम मन्दिरको दर्शनबाट रविको भारत भ्रमणको समापन हुनु पनि भारतीय सांस्कृतिक 'अप्टिक्स' प्रतिको सहज स्वीकार्यताका रूपमा लिन सकिन्छ । यसलाई नेपालको वर्तमान सत्तासँग दाँज्ने हो भने, रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्रीको शपथ ग्रहणका क्रममा प्रस्तुत गरेको सांस्कृतिक आवरणको विस्तारका रूपमा पनि हेर्न सकिन्छ ।

## विकास कूटनीति र अन्य आयाम

समान सभ्यताको धरातलमा उभिएको नेपाल-भारत सम्बन्ध एउटा अकाट्य यथार्थ हो भने दुई देशबीच रहँदै आएको बेटी-रोटी सम्बन्ध यसको भावनात्मक आयाम हो। नागरिक स्तरमा अटुट रूपमा स्थापित यी दुई देशबीचको सम्बन्ध कसैले चाहँदैमा बिग्रने होइन । तर राज्य सञ्चालनका सवालमा उत्पन्न मतभिन्नताले दिल्ली र काठमाडौंबीचको सम्बन्धमा परिस्थितिजन्य उतारचढाव नदेखिएको भने होइन ।

वैश्विक र क्षेत्रीय स्तरमा भूराजनीतिक घर्षण बढिरहेको बेला रवि लामिछानेको प्रस्तावनात्मक लेखमा उल्लेख गरिएको वाक्यांश- 'रास्वपा नेपाल-भारत सम्बन्धको सम्पूर्ण शब्दावलीलाई भूराजनीतिक घर्षणबाट टाढा राखेर आर्थिक साझेदारी र विकास कूटनीतिलाई दृढतापूर्वक अगाडि बढाउन चाहन्छ' ले रास्वपाको एउटा आदर्शवादी सोचलाई झल्काउँछ।

सन् १९४७ विश्व राजनीतिमा एउटा विशेष वर्ष थियो। यही वर्ष भारत स्वतन्त्र भएको थियो । दोस्रो विश्वयुद्धपछिको बदलिँदो विश्वव्यवस्थाले कस्तो आकार लिने भन्ने सन्दर्भमा यसै वर्षदेखि संयुक्त राज्य अमेरिकाको लोकतान्त्रिक पुँजीवाद र सोभियत संघको अधिनायकवादी साम्यवादबीचको गहिरो वैचारिक द्वन्द्व शीतयुद्धको कारक बन्यो । ४६ वर्षसम्म चलेको शीतयुद्धका क्रममा भारतले असंलग्न आन्दोलन (नन-अलाइन्ड मुभमेन्ट) लाई आत्मसात गर्दै अगाडि बढ्यो । नेपाल पनि कुनै शक्ति गुटको पक्ष वा विपक्षमा लागेन। नेपाल अहिले पनि असंलग्न परराष्ट्र नीतिको पक्षधर देशका रूपमा आफूलाई प्रस्तुत गर्दै आइरहेको छ ।

नेपाल-भारत सम्बन्धको सन्दर्भमा रास्वपाले छिमेकीसँगका समस्यालाई गलैंचामुनि नलुकाइ ऐतिहासिक तथ्य र प्रमाणका आधारमा विवाद समाधान गर्नुपर्ने धारणा अघि सारेको देखिन्छ । परम्परागत राजनीतिज्ञहरूले गर्ने अतिराष्ट्रवादी बयानबाजीको सट्टा सम्बन्धलाई पुनर्सन्तुलित गर्ने तर्क यथार्थवादी सुनिन्छ ।

रास्वपा सभापतिले आफ्नो भारत भ्रमणलाई विकास कूटनीतिमा केन्द्रित गरेको जस्तो देखिए पनि नेपाललाई विभिन्न शक्ति राष्ट्रहरूले रणनीतिक साझेदारीतर्फ डोऱ्याउने प्रयास गरिरहेका बेला त्यसबाट जोगिँदै नेपालको विश्वदृष्टिकोण निर्माण गर्नु चुनौतीपूर्ण छ ।

नेपालमा स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) होस् वा ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई), भारतले नेपालमा विकसित यस्ता रणनीतिक बहसलाई सामान्य ढंगले लिएको होला जस्तो लाग्दैन। फेरि, भारतले नेपालसँग रणनीतिक साझेदारीसँग सम्बन्धित कुनै पृथक सहमति गर्नका लागि औपचारिक प्रस्तावसमेत गरेको छैन ।

यद्यपि, नेपाल-भारतको सुरक्षा नीतिबारे सन् १९५१ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले पहिलो पटक नेपाल भ्रमणका क्रममा गरेको सम्बोधन अहिले पनि सान्दर्भिक मान्न सकिन्छ । उनले भनेका थिए, 'पहाडले घेरिएको नेपाल, हिमालकी छोरी, भारतकी बहिनी, म अन्ततः यहाँ आएको छु... म आफैं पनि पहाडहरूको सन्तान हुँ । सुदूर उत्तरका पहाडहरू, तिनका दृश्यहरू र तिनीहरूमाथि बहने ताजा हावाको सासले मलाई उत्साहित बनाउँछ । हिमालयहरू भारतका गुरु र पहरेदार हुन्, नेपाल र तिनका सेता हिउँले ढाकिएका चुचुराहरूले मित्रहरूलाई स्वागत गर्छन् र शत्रुतापूर्ण मनसायहरूका लागि चेतावनी पनि हुन् । ती साझा र स्थायी गुरुहरूसँग भारत र नेपालको भाग्य एकअर्कासँग नजिकबाट जोडिएको छ । हामी दुवैले हाम्रो स्वतन्त्रताको रक्षा गर्ने यो बहुमूल्य सम्पदाको संरक्षण गर्नुपर्छ । आजको अनिश्चित संसार मा, जहाँ राष्ट्रहरू युद्धको तयारी गरिरहेका छन् र त्यसैबारे सोचिरहेका छन्, विशेष गरी हामीले प्राप्त गरेका स्वतन्त्रताहरूलाई सँगै संरक्षण गर्नु आवश्यक छ ।'

आजको बदलिंदो विश्व व्यवस्था र क्षेत्रीय रणनीतिक आयामहरूको बीच नेपाली राजनीतिमा देखिएको पिँढीगत परिवर्तन (जेनेरेशनल सिफ्ट) लाई भारतले गम्भीरतापूर्वक लिएको छ। रास्वपा सभापतिलाई भारतले दिएको सम्मान र भारतले बढाउन खोजिरहेको इन्गेजमेन्ट दीर्घकालसम्म निरन्तर रहोस् भन्ने भारतको ध्येय हुन सक्छ।

अन्त्यमा, नेपालले परराष्ट्र मामिला विज्ञ मधुरमण आचार्यको भनाइलाई आत्मसात गर्दै अगाडि बढ्नु यथार्थवादी कदम हुनेछ। आचार्यका अनुसार, 'नेपालको विश्वदृष्टिकोणमा सर्वव्यापी भारतभन्दा बढी महत्वपूर्ण केही छैन, जससँग नेपालको व्यापक राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्ध छ। यी गतिशीलताहरूले नेपालको सन्दर्भमा भारतलाई एउटा कल्पवृक्षका रूपमा प्रस्तुत गर्छन्, त्यो रुख जसले तपाईंलाई चाहेको फल दिन सक्छ। यदि सावधानीपूर्वक व्यवहार गरियो भने भारतले नेपालका धेरै समस्याको समाधान प्रदान गर्न सक्छ । तर जब ठूलो छिमेकीको क्रोध व्यवस्थापन गर्न गाह्रो हुन्छ, त्यही भारत ठूलो समस्याको स्रोत पनि बन्न सक्छ ।'

# सीमावर्ती क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर, सयौँ नागरिक लाभान्वित



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
जेष्ठ २३ गते, महोत्तरी

आर्थिक अभाव तथा स्वास्थ्य सेवाको सीमित पहुँचका कारण अस्पतालसम्म पुग्न नसकेका सीमावर्ती क्षेत्रका सयौँ नागरिकले गाउँमै विशेषज्ञ चिकित्सकबाट निःशुल्क स्वास्थ्य सेवा पाएका छन् ।सशस्त्र प्रहरी परिवार महिला सङ्घको २५औँ वार्षिकोत्सवका अवसर मा 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रमअन्तर्गत महोत्तरीको सम्सीस्थित जनता माध्यमिक विद्यालयमा आयोजना गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट स्थानीय बासिन्दा प्रत्यक्ष लाभान्वित भएका हुन् ।

शिविरमा सशस्त्र प्रहरीका चिकित्सकसहित विभिन्न विधाका विशेषज्ञ चिकित्सकले हाडजोर्नी, नाक-कान-घाँटी, बालरोग, स्त्रीरोग, दन्तरोग, चर्मरोग तथा जनरल मेडिसिनसम्बन्धी स्वास्थ्य परीक्षण, परामर्श र आवश्यक औषधि निःशुल्क उपलब्ध गराएका थिए । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका विपन्न, ज्येष्ठ नागरिक तथा महिलाले शिविरबाट विशेष लाभ लिएको जनाइएको छ ।

सीमा सुरक्षाको जिम्मेवारीमा खटिने सशस्त्र प्रहरीले गाउँमै पुगेर स्वास्थ्य सेवा प्रदान गरेपछि स्थानीयवासीले खुसी व्यक्त गरेका छन् । सुरक्षा निकायले सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरेको यस्तो कार्यक्रमले सीमावर्ती क्षेत्रका नागरिकमा सकारात्मक सन्देश प्रवाह गरेको उनीहरूको भनाइ छ ।

कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सीमावर्ती क्षेत्रमा सञ्चालन गरिएको स्वास्थ्य शिविर प्रभावकारी र उदाहरणीय रहेको बताउनुभयो । उहाँले राज्यका निकायले नागरिकको घरदैलोमै पुगेर सेवा प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याउँदै यस्ता कार्यक्रमले सरकार र नागरिकबीचको सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी उपरीक्षक शेर बहादुर अधिकारीले सीमावर्ती क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा सहयोग पुऱ्याउने उद्देश्यले शिविर आयोजना गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा उपचार तथा परामर्श लिन आउने सेवाग्राहीको सहभागिता उत्साहजनक रहेको थियो ।

स्थानीयवासीले यस्ता सामाजिक तथा मानवीय कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरेका छन् । सीमा सुरक्षा मात्र नभई नागरिकको स्वास्थ्य र जीवनस्तरसँग जोडिएका विषयमा समेत सशस्त्र प्रहरीको सक्रियताले सीमावर्ती क्षेत्रमा भरोसा र राहतको अनुभूति गराएको छ ।

# मधेश प्रदेशमा बजेट खर्च १९.४ प्रतिशत मात्र, पुँजीगत खर्च अझै सुस्त

खबर दर्पण समाचारदाता
जेठ २३ गते , बर्दिवास

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्य नजिकिँदा पनि बजेट कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्न सकेको छैन। प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटमध्ये हालसम्म १९ दशमलव ४ प्रतिशत मात्र खर्च भएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपियाँमध्ये जेठ २१ गतेसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपियाँ खर्च भएको छ। कुल खर्चमध्ये चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार रुपियाँ तथा पुँजीगततर्फ ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपियाँ खर्च भएको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभयो।

मन्त्रालयका अनुसार जेठ १३ गतेसम्म प्रदेश सरकारको कुल खर्च ८ अर्ब ७५ करोड ७६ लाख १४ हजार रुपियाँ रहेको थियो। त्यसयता आठ दिनको अवधिमा खर्च ३६ करोड ४२ लाख रुपियाँले वृद्धि भएको छ। यस अवधिमा चालु खर्च करिब ९ करोड ७४ लाख रुपियाँ तथा पुँजीगत खर्च करिब १८ करोड ७८ लाख रुपियाँले बढेको विवरणमा उल्लेख छ।

आर्थिक वर्ष समाप्त हुन एक महिनाभन्दा कम समय बाँकी रहँदा पनि बजेट खर्चको गति सुस्त देखिएको छ। विशेषगरी विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च अपेक्षाअनुसार बढ्न नसक्दा बजेट कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ। अर्थमन्त्री भट्टराईले जिम्मेवारी सम्हालेपछि प्रदेश सरकारको खर्च विवरण साताको आधारमा सार्वजनिक गर्न थालिएको छ। मन्त्रालयले नियमित रूपमा सार्वजनिक गर्ने यस्ता विवरणले प्रदेश सरकारको वित्तीय अनुशासन तथा बजेट कार्यान्वयनको अवस्थाबारे नागरिकलाई जानकारी गराउन सहयोग पुग्ने जनाएको छ।

# मधेश प्रदेशमा मन्त्रालय घटाउने तयारी

खबर दर्पण समाचारदाता
जेठ २३ गते , बर्दिवास

मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ। भौगोलिक रूपमा सानो र आठ जिल्लामा सीमित प्रदेशमा मन्त्रालयको संख्या बढी भएको भन्दै प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्यसहित मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको हो ।

हाल १२ वटा मन्त्रालय सञ्चालनमा रहेको मधेश प्रदेशमा अब संख्या घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी गरिएको छ ।

यसअघि गठबन्धनभित्रका दलहरूलाई व्यवस्थापन गर्दै सत्ता टिकाइ राख्न मन्त्रालयको संख्या क्रमशः बढाइएको भन्दै आलोचना हुँदै आएको थियो । त्यसको प्रत्यक्ष प्रभाव प्रशासनिक खर्च वृद्धि र संरचनागत असन्तुलनमा परेको टिप्पणी पनि हुँदै आएको छ ।

प्रदेश सरकारका अनुसार नयाँ संरचनाले सरकारी खर्च घटाउने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा प्रशासनिक कार्यलाई चुस्त बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । मन्त्रालयहरूको कार्यक्षेत्र दोहोरोपन हटाउने र कार्यसम्पादन क्षमता बढाउने उद्देश्य पनि राखिएको छ ।

मन्त्रालय पुनर्संरचनाका लागि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलको सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन् ।

कार्यदललाई हालको मन्त्रालय संरचना अध्ययन गरी आवश्यकताअनुसार घटाउने तथा पुनःसंरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ । सोही प्रतिवेदनका आधारमा प्रदेश सरकारले अन्तिम निर्णय गर्ने जनाएको छ ।

प्रदेश सरकार गठनपछि मन्त्रालय विस्तार गर्दै लगिएको विषयमा लामो समयदेखि प्रश्न उठ्दै आएको थियो । विशेषगरी सीमित स्रोतसाधन भएको प्रदेशमा मन्त्रालयको संख्या बढ्दा आर्थिक भार बढेको र नीति कार्यान्वयन कमजोर भएको आलोचना हुँदै आएको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,